वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "वन (चौथो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन नियमावली, २०५१ को नियम ५३ मा संशोधन : वन नियमावली, २०५१ को नियम ५३ को उपनियम (५) मा रहेका "मध्यस्थता ऐन, २०३८" भन्ने शब्दहरुको सट्टा "मध्यस्थता ऐन, २०५५" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ६०

## जाँचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) (पहिलो संशोधन) नियमावली, २०७०

जाूचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जाूचबुझ आयोग ऐन, २०२६ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "जाूचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जाूचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली, २०५१ को नियम ३ मा संशोधन** : जाूचबुझ आयोग (सदस्यहरुको सेवाको शर्त) नियमावली, २०५१ को नियम ३ को,-

(१) उपनियम (२) मा रहेका "श्री ५ बाट" भन्ने शब्दहरु झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।